स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



'दाम्भी' निर्देशक रुपेश तामाङको नयाँ फिल्म 'एक्का तीन'को फर्स्टलुक पोस्टर सार्वजनिक गरिएको छ। एक्सन जनरामा बन्ने फिल्मको पोस्टरमा अभिनेत्री द्वय पूजा शर्मा र कविता नेपाली देखिएका छन्। दुवैको अनुहारमा रिसको आवेग देखिन्छ। यसले पूजा र कविताको टकरावमा फिल्म केन्द्रित रहेको स्पष्ट संकेत गर्छ। पूजाको गालामा धारिलो वस्तुले काटेको जस्तो देखिने चोटको दाग छ। कविताको निधारमा पनि चोटको निशान देखिन्छ।

**आजको विचार...**



युवा...
*(दुई पेजमा)*

लक्ष्मण जोशी

हास्य कलाकार सीताराम क`ल "धुर्मुस" दुई महिना लामो नेपाल बसाइँपछि पुन: अमेरिका फर्किएका छन्। गत जेठ अन्तिममा छोरी सुबिहानीको साथमा नेपाल आएका उनले बिहीबार बिहान सामाजिक सञ्जाल फेसबुकमा एक पोस्ट लेख्दै राज्यले आफ्नो आवाज नसुनेपछि ऋण र पीडाको भारी बोकेर मातृभूमिबाट फेरि फर्किन बाध्य भएको उल्लेख गरेका छन्। उनले लेखेका छन्, "दुई महिना अथक प्रयास गरें। राज्यका ढोका-ढोका पुगें।



❒ वर्ष ३२ ❒ अंक ३६ ❒ २०८३ भदौ ५ गते शुक्रबार 21 August 2026, Friday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# भारतीय सागसब्जीमा कडाइ, बाँकेका किसानको उत्पादनले पायो बजार

**राष्ट्रिय समाचार समिति (रासस) राँझा (बाँके),** भदौ ४/ बजार मूल्य राम्रो पाउन थालेपछि बाँकेका किसान व्यावसायिक सागसब्जी खेतीतर्फ आकर्षित भएका छन् । विगतमा निर्वाहमुखी खेती गर्दै आएका किसानसमेत अहिले व्यावसायिक रूपमा सागसब्जी खेती गर्न अग्रसर भएको कृषि ज्ञान केन्द्र बाँकेका निमित्त प्रमुख वरिष्ठ कृषि प्रसार अधिकृत सुजिता शर्माले जानकारी दिइन् ।

उनका अनुसार अहिले बाँकेमा ६ हजार ३५२ हेक्टर जमिनमा वार्षिक करिब १३ मेट्रिक टन सागसब्जी उत्पादन हुने गरेको छ। कृषि ज्ञान केन्द्रले महिला तथा बालबालिका पोषण सुधार कार्यक्रमअन्तर्गत एक हजार ३५० किसानलाई लौका, फर्सी, करेलालगायत हिउँदे सागसब्जी बालीका बीउ वितरण गरेको छ ।भारतबाट आयात हुने सागसब्जीमा भन्सारमा कडाइ गरिएपछि बाँकेका



किसानले उत्पादन गरेको सागसब्जी खेतबारीबाटै राम्रो मूल्यमा बिक्री हुन थालेको छ । पछिल्लो समय नगदे बालीका रूपमा सागसब्जी खेतीतर्फ किसानको आकर्षण बढ्दै गएको शर्माले बताइन् । बाँकेको डुडुवा गाउँपालिका-६ हिरमिनिया, नेपालगञ्ज उपमहानगरपालिका-१४ भवानीयापुर, १७ परसपुर, १९ बसुदेवपुर, २१ पुरैनी र २२ पुरैनाका विभिन्न गाउँमा किसानले व्यावसायिक तरकारी खेती गर्दै आएका छन् । गाउँका धेरै किसानले अहिले सागसब्जी खेती गर्न थालेको नेपालगञ्ज-१९ का अगुवा किसान गोपी यादवले बताए ।'पहिले सागसब्जी बिक्री गर्न टाढाटाढा पुग्नुपर्थ्यो, अहिले खेतबारीबाटै राम्रो मूल्यमा बिक्री हुन थालेपछि गाउँमा सागसब्जी खेती गर्ने किसान बढ्दै गएका छन्,' उनले भने। भारतबाट आयात हुने सस्तो सागसब्जीसँग प्रतिस्पर्धा गर्न नसकेका स्थानीय किसानले अहिले उत्पादनको राम्रो मूल्य पाउन थालेका छन्। भारतबाट आउने सागसब्जीको भन्सारमा कडाइ गरिएपछि बाँकेका किसानले उत्पादन गरेको उत्पादनले बजार पाएको नेपालगञ्जस्थित रानीतलाउ कृषि उपज बजार सञ्चालक समितिका अध्यक्ष मोतिसरा थापा क्षेत्रीले बताए।उनका अनुसार नेपालगञ्जको रानीतलाउ बजारमा अहिले बाँकेमै उत्पादन भएको सागसब्जी आउने गरेको छ।*(बाँकी अन्तिम पेजमा...)*

## संक्षिप्त समाचार

### ट्याक्टर र अटो ठोक्किदा एकको मृत्यु

**घोराही,** भदौ ४/दाङमा ट्याक्टर र अटो एक आपसमा ठोक्किँदा अटो चालकको मृत्यु भएको छ । सर्रा-सौडियार सडकअन्तर्गत सर्राबाट बसन्तापुरतर्फ जाँदै गरेको लुम्बिनी प्रदेश ०२-००१ ह १९२९ नम्बरको अटो र सौडियारबाट सर्रातर्फ आउँदै गरेको रा १ त ३७०९को ट्याक्टर घोराही उपमहानगरपालिका-७ बेसाहीमा बुधबार बेलुकी ८ बजेतिर एक आपसमा ठोक्किँदा अटो चालक घोराही-५ बसन्तापुर निवासी ४५ वर्षीय विनोद पौडेल गम्भीर घाइते भएका थिए । दुर्घटनामा गम्भीर घाइते पौडेलको कोहलपुर मेडिकल कलेजमा उपचार क्रममा बिहीबार बिहान मृत्यु भएको जिल्ला प्रहरी कार्यालय दाङले जनाएको छ । पौडललाई प्रतिष्ठानमा प्रारम्भिक उपचारपछि थप उपचारका लागि कोहलपुर लगिएको थियो । दुर्घटनामा अटोमा सवार घोराही-५ बसन्तापुर निवासी ४० वर्षीय खिमराज केसी र सोही ठाउँ निवासी ४० वर्षीय तिलक केसी घाइते भएको र उनीहरुको घोराहीस्थीत राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भइरहेको छ । प्रहरीले ट्याक्टर चालक घोराही-१७ भैसाही निवासी २३ वर्षीय हिमाल चौधरीलाई नियन्त्रणमा लिइ घटना बारेमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## रिडी-भैँडुवा र रिडी-खर्ज्याङ सडकखण्डका प्रभावितलाई क्षतिपूर्ति



**गुल्मी,** भदौ ४/मदन भण्डारी राजमार्गअन्तर्गत गुल्मीको रिडी-भैँडुवा र रिडी-खर्ज्याङ सडकखण्डका प्रभावित घरधनीहरूले क्षतिपूर्तिबापतको रकम प्राप्त गरेका छन् ।

मदन भण्डारी राजमार्ग योजना कार्यालय गुल्मीले सडक विस्तारका क्रममा प्रभावित क्षेत्रका घरधनीलाई रु १० करोड ३६ लाख ७१ हजार ४५९ क्षतिपूर्तिबापतको रकम उपलब्ध गराएको छ । मुआब्जा तथा क्षतिपूर्ति निर्धारण समितिको मूल्याङ्कनका आधारमा उक्त रकम सम्बन्धित घरधनीहरूको बैंक खातामा उपलब्ध गराएको मदन भण्डारी राजमार्ग योजना कार्यालय गुल्मीका इन्जिनियर एवं सूचना अधिकारी प्रभात तिवारीले जानकारी दिए । मदन भण्डारी राजमार्गअन्तर्गत रिडी-भैँडुवा सडकखण्डका १३८ जना र रिडी-खर्ज्याङ सडकखण्डका ४६ जना घरधनीलाई क्षतिपूर्ति उपलब्ध गराइएको हो ।*-रासस*

## अवैध रूपमा बालुवा ओसारपसार गर्ने ट्याक्टरलाई जरिवाना

**स्याङ्जा,** भदौ ४/स्याङ्जाको भिरकोट नगरपालिका-१, एकुवारस्थित भित्री सडकखण्डमा अवैध रूपमा बालुवा ओसारपसार गरिरहेको अवस्थामा प्रहरीले एक ट्याक्टर नियन्त्रणमा लिएको छ । विहीबार प्रहरी चौकी दहथुम, स्याङ्जाबाट खटिएको प्रहरी टोलीले एकुवारस्थित भित्री सडकखण्डमा नियमित रूपमा सवारीसाधन चेकजाँच गर्ने क्रममा अवैध रूपमा बालुवा ओसारपसार गरिरहेको अवस्थामा ग १ त ७५८२ नम्बरको ट्याक्टर फेला पारेको हो ।




प्रहरीका अनुसार उक्त ट्याक्टर एकुवारबाट बयरघारीतर्फ आउँदै गरेको अवस्थामा चेकजाँच गरिएको थियो । चेकजाँचका क्रममा ट्याक्टरमा आवश्यक कानुनी प्रक्रिया पूरा नगरी बालुवा ओसारपसार भइरहेको पाइएपछि प्रहरीले ट्याक्टरलाई नियन्त्रणमा लिएको हो । नियन्त्रणमा लिइएको ट्याक्टरलाई आवश्यक अनुसन्धान तथा कानुनी कारबाहीका लागि भिरकोट नगरपालिकाको कार्यालयमा पठाइएको थियो । नगरपालिकाले घटनामाथि आवश्यक प्रक्रिया अघि बढाउँदै सम्बन्धित ट्याक्टरधनीमाथि १० हजार रुपैयाँ जरिवाना गरेको छ ।

जरिवाना रकम असुल गरेपछि नगरपालिकाले ट्याक्टरलाई छाडेको जनाइएको छ । स्थानीय क्षेत्रमा नदीजन्य तथा प्राकृतिक स्रोतको अवैध उत्खनन र ओसारपसार नियन्त्रण गर्न प्रहरीले नियमित रूपमा सवारीसाधन चेकजाँच गर्दै आएको जनाएको छ । प्राकृतिक स्रोतको अनधिकृत उत्खनन तथा ओसारपसारले वातावरणीय सन्तुलनमा असर पार्नुका साथै स्थानीय तहको राजस्वसमेत प्रभावित हुने भएकाले यस्ता गतिविधि नियन्त्रणका लागि प्रहरी र स्थानीय तहबीच समन्वय आवश्यक रहेको देखिन्छ । पछिल्लो घटनाले पनि नियमविपरीत बालुवा तथा अन्य नदीजन्य पदार्थ ओसारपसार गर्ने सवारीसाधनमाथि निगरानी बढाइएको संकेत गरेको छ ।

प्रहरीले आगामी दिनमा समेत अवैध रूपमा नदीजन्य पदार्थको उत्खनन तथा ओसारपसार गर्ने कार्यविरुद्ध चेकजाँच र कारबाहीलाई निरन्तरता दिने जनाएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

## सम्पादकीय

# राजस्व छली रोकौँ, अर्थतन्त्र जोगाऔँ

पछिल्लो समयम भन्सार छली गरी अवैध रुपमा सामान आयता हुँदा सरकारले ठूलो रकम राजश्व गुमाउनु परेको छ । अहिले दैनिक रूपमा भन्सार नाकाहरूबाट छुटेका ट्रक समातिने र त्यसमा तिर्नुपर्ने राजस्व नतिरिएको पाइन्छ । पछिल्ला केही वर्ष यता पाल्पामा भन्सार छलेर सामान ल्याउने क्रम बढेको छ । केही दिन अघि मात्र पनि यहाँका विभिन्न ठाउँहरुबाट प्रहरीले भन्सार छलेर चोरी पैठारी गरी ल्याएका अवैध सामानहरू बरामद गरेको छ । पाल्पा प्रहरीले सिद्धार्थ राजमार्गअन्तर्गत तिनाउ गाउँपालिका–३, पेडाँडामा गत शुक्रबार चार लाख ७५ हजार रुपैयाँ बराबरका विभिन्न विद्युतीय सामानसहित दुई जनालाई पक्राउ गरेको थियो । यो लगत्तै मंगलबार पनि प्रहरीले सोही क्षेत्रबाटै भन्सार छली गरी ल्याइएका ८५ हजार ४ सय ५० बराबरको लत्ताकपडा बरामद गरेको छ । ति सामानहरुको कुनै पनि बिल भौचर थिएन । सम्बन्धित निकाय मौन बसिदिँदा यस्तो क्रम दिनानुदिन बढ्दै गइरहेको छ । जसको प्रत्यक्ष असर सरकारको राजश्वमा देखिएको छ ।

राज्य सञ्चालनका लागि आवश्यक स्रोतको प्रमुख आधार राजस्व हो । नागरिकले तिरेको करबाट सडक, पुल, शिक्षा, स्वास्थ्य, सुरक्षा तथा सार्वजनिक सेवाहरू सञ्चालन हुन्छन् । तर यही राजस्व प्रणालीमा हुने छली, कर नतिर्ने प्रवृत्ति, बिलबिजकमा हुने हेरफेर, न्यून मूल्यांकन र अवैध कारोबारले राज्यको आम्दानीमा ठूलो क्षति पुर्‍याइरहेको छ । राजस्व छली केवल सरकारलाई ठग्ने काम मात्र होइन, यो अन्ततः इमानदार करदातामाथि थप भार पार्ने र मुलुकको विकासलाई कमजोर बनाउने अपराध हो । राजस्व छली रोक्न कानुन मात्र बनाएर पुग्दैन, त्यसको प्रभावकारी कार्यान्वयन आवश्यक छ । कर प्रशासनमा पारदर्शिता, प्रविधिको अधिकतम प्रयोग, कारोबारको डिजिटल निगरानी र निकायबीच सूचना आदानप्रदानलाई प्रभावकारी बनाउनुपर्छ । ठूलो कारोबार गर्ने व्यक्ति वा संस्थाले वास्तविक कारोबार लुकाएर कर छलिरहेको अवस्थामा सम्बन्धित निकायले निष्पक्ष र तथ्यमा आधारित अनुसन्धान गर्न सक्नुपर्छ । अर्कोतर्फ, कर प्रशासन स्वयं पनि शंकामुक्त हुनुपर्छ । कर तिर्ने नागरिक र व्यवसायीलाई अनावश्यक दुःख दिने, घुस माग्ने वा पहुँचका आधारमा फरक व्यवहार गर्ने प्रवृत्ति अन्त्य नगरेसम्म राजस्व प्रशासनप्रति विश्वास बढ्न सक्दैन । करदातालाई सम्मानजनक व्यवहार गर्दै कर तिर्ने प्रक्रिया सरल, सहज र पारदर्शी बनाउन जरुरी छ । सरकार कठोर तर निष्पक्ष बन्ने, कर प्रशासन पारदर्शी हुने, व्यवसायी जिम्मेवार बन्ने र नागरिक सचेत हुने हो भने राजस्व छली नियन्त्रण गर्न सकिन्छ । राजस्व जोगाउनु भनेको राज्यको स्रोत जोगाउनु हो, र राज्यको स्रोत जोगाउनु भनेको हाम्रो साझा भविष्य जोगाउनु हो । तसर्थ यसतर्फ सबैले ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

"किताबले त केवल अक्षर चिन्न सिकाउँछ,
बाँच्ने वास्तविक तरिका त समय र परिस्थितिले सिकाउँछ ।"
*(भावना सारुको फेसबुक स्टाटसबाट www.facebook.com/Bhawana.Saru)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईंहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# युवा उद्यमशीलता र सहज कर्जा



## लक्ष्मण जोशी

*सरकारले युवालाई आफ्नै देशमा व्यवसाय सुरु गर्न प्रोत्साहन गर्ने गरी प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुपर्छ । व्यवसाय सुरु गर्न चाहने युवाका लागि Startup Business तथा Project Investment लाई प्राथमिकतामा राखी सरकारी सहयोग र सहुलियतपूर्ण वित्तीय व्यवस्था गर्न सकिन्छ । युवाले व्यवसाय सुरु गर्दा आवश्यक पर्ने दर्ता, कर, लाइसेन्स तथा अन्य प्रशासनिक प्रक्रियालाई सरल र छिटो बनाउनुपर्छ। एउटै स्थानबाट आवश्यक सेवा प्राप्त गर्न सकिने One–Stop Service को व्यवस्था भएमा युवाको समय र खर्च दुवै बचत हुन्छ । सरकारले विभिन्न क्षेत्रमा सम्भावना भएका युवालाई व्यवसायिक तालिम, उद्यमशीलता शिक्षा, वित्तीय साक्षरता, डिजिटल प्रविधि तथा बजार व्यवस्थापनसम्बन्धी प्रशिक्षण उपलब्ध गराउनुपर्छ । केवल तालिम दिएर मात्र होइन, तालिमपछि व्यवसाय सुरु गर्न आवश्यक लगानी, परामर्श र बजारसँग जोड्ने व्यवस्था पनि हुनुपर्छ । युवा उद्यमीका लागि बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिन अहिले देखिने जटिल प्रक्रिया, अत्यधिक कागजी प्रक्रिया र धितोसम्बन्धी कठिनाइलाई व्यावहारिक रूपमा समाधान गर्न आवश्यक छ । व्यवसायिक योजना, परियोजनाको सम्भाव्यता, बजारको अवस्था र उद्यमीको क्षमता मूल्यांकन गरी Project–Based Lending लाई प्राथमिकता दिन सकिन्छ । राम्रो Business Plan भएका युवालाई आवश्यकताअनुसार सहुलियतपूर्ण ब्याजदर, पर्याप्त कर्जा अवधि तथा प्रारम्भिक चरणमा सहज भुक्तानी व्यवस्था उपलब्ध गराउनुपर्छ ।*

नेपालमा युवाको संख्या ठूलो छ र यही युवा शक्ति देशको आर्थिक विकासको महत्वपूर्ण आधार हो । तर, पर्याप्त रोजगारीको अवसर, लगानीको अभाव, व्यवसाय सुरु गर्न आवश्यक पूँजीको कमी, बैंकिङ कर्जा प्राप्त गर्न कठिन प्रक्रिया तथा उचित मार्गदर्शनको अभावका कारण धेरै युवा विदेश जान बाध्य भइरहेका छन् । युवालाई रोजगारी खोज्ने मात्र होइन, रोजगारी सिर्जना गर्ने उद्यमी बनाउने वातावरण निर्माण गर्नु आजको आवश्यकता हो । यसका लागि सरकारले युवा उद्यमशीलतालाई प्राथमिकता दिँदै सहज कर्जा, लगानी, तालिम, प्रविधि, बजार र आवश्यक परामर्श उपलब्ध गराउनुपर्छ । बैंक तथा वित्तीय संस्थाले पनि वास्तविक व्यवसायिक योजना भएका युवालाई सरल, पारदर्शी र सहज प्रक्रियाबाट कर्जा उपलब्ध गराउन आवश्यक छ ।

**१. युवा उद्यमशीलतामा सरकारको सहयोग**

सरकारले युवालाई आफ्नै देशमा व्यवसाय सुरु गर्न प्रोत्साहन गर्ने गरी प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुपर्छ । व्यवसाय सुरु गर्न चाहने युवाका लागि Startup Business तथा Project Investment लाई प्राथमिकतामा राखी सरकारी सहयोग र सहुलियतपूर्ण वित्तीय व्यवस्था गर्न सकिन्छ । युवाले व्यवसाय सुरु गर्दा आवश्यक पर्ने दर्ता, कर, लाइसेन्स तथा अन्य प्रशासनिक प्रक्रियालाई सरल र छिटो बनाउनुपर्छ। एउटै स्थानबाट आवश्यक सेवा प्राप्त गर्न सकिने One–Stop Service को व्यवस्था भएमा युवाको समय र खर्च दुवै बचत हुन्छ । सरकारले विभिन्न क्षेत्रमा सम्भावना भएका युवालाई व्यवसायिक तालिम, उद्यमशीलता शिक्षा, वित्तीय साक्षरता, डिजिटल प्रविधि तथा बजार व्यवस्थापनसम्बन्धी प्रशिक्षण उपलब्ध गराउनुपर्छ । केवल तालिम दिएर मात्र होइन, तालिमपछि व्यवसाय सुरु गर्न आवश्यक लगानी, परामर्श र बजारसँग जोड्ने व्यवस्था पनि हुनुपर्छ ।

**२. सहज बैंकिङ कर्जाको व्यवस्था**

युवा उद्यमीका लागि बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिन अहिले देखिने जटिल प्रक्रिया, अत्यधिक कागजी प्रक्रिया र धितोसम्बन्धी कठिनाइलाई व्यावहारिक रूपमा समाधान गर्न आवश्यक छ । व्यवसायिक योजना, परियोजनाको सम्भाव्यता, बजारको अवस्था र उद्यमीको क्षमता मूल्यांकन गरी Project–Based Lending लाई प्राथमिकता दिन सकिन्छ । राम्रो Business Plan भएका युवालाई आवश्यकताअनुसार सहुलियतपूर्ण ब्याजदर, पर्याप्त कर्जा अवधि तथा प्रारम्भिक चरणमा सहज भुक्तानी व्यवस्था उपलब्ध गराउनुपर्छ । विशेषगरी नयाँ Startup का लागि सुरुका केही वर्ष व्यवसाय स्थिर बनाउन समय लाग्ने भएकाले कर्जाको किस्ता भुक्तानीमा उपयुक्त Grace Period को व्यवस्था प्रभावकारी हुन सक्छ । सरकारले बैंक तथा वित्तीय संस्थासँग समन्वय गरी युवा उद्यमीका लागि छुट्टै Youth Entrepreneurship Loan कार्यक्रमलाई प्रभावकारी बनाउन सक्छ ।

**३. Startup Business / Project Investment मा प्राथमिकता**

नेपालमा कृषि, पर्यटन, सूचना प्रविधि, उत्पादनमूलक उद्योग, व्यापार, सेवा, शिक्षा, स्वास्थ्य, डिजिटल व्यवसाय तथा नयाँ प्रविधिमा आधारित व्यवसायको ठूलो सम्भावना छ । युवाले प्रस्तुत गरेका नवीन तथा सम्भावनायुक्त परियोजनालाई पहिचान गरी Startup Investment Fund वा सहुलियतपूर्ण कर्जामार्फत सहयोग गर्नुपर्छ । उद्यमीको सोच राम्रो भए पनि लगानीको अभावका कारण परियोजना अगाडि बढ्न नसक्ने अवस्था अन्त्य गर्न आवश्यक छ । त्यसका लागि सरकारले निजी क्षेत्र, बैंक तथा लगानीकर्ताबीच सहकार्यको वातावरण निर्माण गर्नुपर्छ । सरकारी सहयोग केवल रकम उपलब्ध गराउनेमा सीमित हुनु हुँदैन । व्यवसायको सुरुवातदेखि बजार विस्तारसम्म आवश्यक Mentoring, Business Consultancy, Technology Support, Market Linkage र निरन्तर अनुगमनको व्यवस्था हुनुपर्छ ।

**४. युवा उद्यमशीलताबाट रोजगारी सिर्जना**

एउटा सफल व्यवसायले एक जना मात्र होइन, धेरै व्यक्तिलाई रोजगारी दिन सक्छ । त्यसैले युवालाई उद्यमी बनाउनु भनेको रोजगारी खोज्ने युवाको संख्या घटाएर रोजगारी सिर्जना गर्ने युवाको संख्या बढाउनु हो । सरकारले नयाँ व्यवसाय स्थापना गर्ने र निश्चित संख्यामा रोजगारी सिर्जना गर्ने युवा उद्यमीलाई थप प्रोत्साहन, कर सहुलियत तथा अन्य सुविधा दिन सक्छ । यसबाट स्थानीय स्तरमै रोजगारीका अवसर सिर्जना हुन्छन् । युवाले आफ्नै गाउँ, शहर तथा जिल्लामा व्यवसाय सञ्चालन गर्न पाएमा स्थानीय अर्थतन्त्र चलायमान हुनुका साथै उत्पादन, व्यापार र सेवाको विस्तार हुन्छ ।

**५. विदेश पलायन रोक्न उद्यमशीलताको भूमिका**

रोजगारी र राम्रो भविष्यको खोजीमा ठूलो संख्यामा नेपाली युवा विदेश जाने गरेका छन् । विदेशमा गएर मेहनत गर्ने युवाले नेपालमै अवसर पाएमा उनीहरूको सीप, श्रम र सिर्जनशीलता देशको आर्थिक विकासमा प्रयोग गर्न सकिन्छ । विदेश जानुलाई मात्र रोजगारीको विकल्प मान्ने अवस्थालाई परिवर्तन गर्न सरकारले नेपालमै "काम गर्ने, लगानी गर्ने र व्यवसाय गर्ने वातावरण" निर्माण गर्नुपर्छ । विदेशबाट फर्किएका युवाका लागि उनीहरूले विदेशमा सिकेको सीप र अनुभवलाई नेपालमा व्यवसायमा रूपान्तरण गर्न विशेष कार्यक्रम ल्याउन सकिन्छ। उनीहरूलाई व्यवसायिक परामर्श, पुनःस्थापना कर्जा, परियोजना लगानी र बजारसँग जोड्ने व्यवस्था गर्न सकेमा विदेशबाट फर्किएका युवालाई पनि उद्यमी बनाउन सकिन्छ ।

**६. सरकार, बैंक र निजी क्षेत्रबीच सहकार्य**

युवा उद्यमशीलताको विकास सरकारको मात्र जिम्मेवारी होइन । सरकार, बैंक तथा वित्तीय संस्था, निजी क्षेत्र, लगानीकर्ता, शैक्षिक संस्था र उद्यमीबीच सहकार्य आवश्यक छ । सरकारले नीति र वातावरण निर्माण गर्ने, बैंकले सहज वित्तीय स्रोत उपलब्ध गराउने, निजी क्षेत्रले बजार र व्यवसायिक अवसर सिर्जना गर्ने तथा अनुभवी उद्यमीले नयाँ युवालाई मार्गदर्शन गर्ने प्रणाली विकास गर्नुपर्छ । यसरी "सरकारको साथ, बैंकको हात र युवाको सोच" लाई जोड्न सकेमा नयाँ व्यवसाय र रोजगारी सिर्जनाको बलियो आधार तयार हुन सक्छ ।

**निष्कर्ष**

नेपालको आर्थिक विकासका लागि युवा उद्यमशीलता अत्यन्त महत्वपूर्ण विषय हो । युवालाई केवल रोजगारी खोज्ने व्यक्ति नभई रोजगारी सिर्जना गर्ने उद्यमी बनाउने नीति आवश्यक छ । सरकारले Startup Business तथा Project Investment लाई प्राथमिकता दिँदै सहज कर्जा, तालिम, प्रविधि, बजार र व्यवसायिक परामर्श उपलब्ध गराउनुपर्छ । बैंक तथा वित्तीय संस्थाले पनि सक्षम र सम्भावनायुक्त युवा उद्यमीलाई सरल, पारदर्शी र सहज प्रक्रियाबाट कर्जा उपलब्ध गराउनुपर्छ । युवाले आफ्नै देशमा व्यवसाय सुरु गर्ने, लगानी गर्ने र अरूलाई रोजगारी दिने वातावरण निर्माण गर्न सकेमा विदेश पलायन कम गर्न, रोजगारी सिर्जना गर्न र देशको अर्थतन्त्र बलियो बनाउन महत्वपूर्ण योगदान पुग्नेछ । अन्ततः हाम्रो लक्ष्य हुनुपर्छ- 'युवा उद्यमशीलता र सहज कर्जा, रोजगारी सिर्जना र समृद्ध नेपालको आधार ।'

***(युवा उद्यमी जोशी हायरमी सर्भिस प्रालिका प्रवन्ध निर्देशक हुन् ।)***
***-डिसी नेपाल डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : रोकिएको काम खुल्नेछ। पैसाको पक्ष बलियो बन्नेछ। शरीर फुर्तिलो रहनेछ। | **तुला**: साझेदारीमा फाइदा हुनेछ। आर्थिक लाभका साथै काममा सहयोग पाइनेछ। |
| **वृष** : पुरानो योजना काम लाग्नेछ। व्यापारमा ग्राहक थपिन सक्छन्। | **वृश्चिक** : महत्त्वपूर्ण कुरा टुङ्गिनेछ। पैसाको लेनदेनमा सावधानी राख्नुहोस्। |
| **मिथुन** : व्यापारमा आम्दानीको बाटो खुल्नेछ। काममा आफ्नो सीप देखाउनुहुनेछ। | **धनु** : व्यापारमा नयाँ बाटो खुल्नेछ। सामाजिक भेटघाटले उत्साह बढ्नेछ। |
| **कर्कट** : पैसाको काम मिल्नेछ। काममा मन जानेछ र जिम्मेवारी पूरा हुनेछ। | **मकर** : कामअनुसार मेहनतको फल मिल्नेछ। रोकिएको पैसा आउन सक्छ। |
| **सिंह** : काममा प्रशंसा पाइनेछ। सामाजिक काममा साथ मिल्नाले आत्मबल बढ्नेछ। | **कुम्भ**: व्यापारमा सहकार्य बन्न सक्छ। सामाजिक काममा सहभागी हुनुहुनेछ। |
| **कन्या** : खर्च घटाउने मौका मिल्नेछ। पढाइमा रोकिएको विषय अघि बढ्नेछ। | **मीन** :आज व्यवहारिक सोचले फाइदा दिनेछ। आर्थिक सुधार देखिनेछ। |

## स्वास्थ्य चर्चा

# न्यूट्रास्युटिकल्स : बिरामीलाई नभइ नहुने हो कि अनावश्यक आर्थिक भार ?



एकजना बिरामी सामान्य कमजोरी, थकान वा शरीर दुख्ने समस्या लिएर अस्पताल पुग्छन् । जाँचपछि चिकित्सकले औषधिसँगै भिटामिन, मिनरल, ओमेगा-३, प्रोबायोटिक वा अन्य सप्लिमेन्ट सिफारिस गर्छन् । जब फार्मेसीमा औषधिको बिल तिर्ने बेला हुन्छ, तब बिरामी झस्कने गर्छन् । सप्लिमेन्ट वास्तवमा धेरै महंगा हुन्छन् । अनि उनीहरूको मनमा प्रश्न उठ्छ - **के यी सबै औषधि नखाइन हुने हुन् त ?**

नेपालमा न्यूट्रास्युटिकल्स तथा डाइटरी सप्लिमेन्टको बजार विस्तार हुँदै गएको छ । यसको प्रयोग, दर्ता, गुणस्तर, मूल्य, चिकित्सकीय सिफारिस र बिक्री वितरणलाई लिएर बहस भइरहने गर्छ । यहीबाट मूल प्रश्न उठ्छ - न्यूट्रास्युटिकल्स बिरामीको वास्तविक आवश्यकता हो कि होइन ?के हो न्यूट्रास्युटिकल्स ? न्यूट्रास्युटिकल्स भन्नाले पोषण पूर्ति तथा स्वास्थ्यमा सहयोग पुऱ्याउने खाद्यजन्य वा स्वास्थ्य पूरक उत्पादनलाई बुझिन्छ । भिटामिन, मिनरल, प्रोबायोटिक, फिस आयल, हर्बल एक्स्ट्र्याक्ट, एमिनो एसिड लगायतका उत्पादन यस अन्तर्गत पर्ने गर्छन् । बजारमा मल्टिभिटामिन, ओमेगा-३, प्रोबायोटिक्स, क्याल्सियम-भिटामिन डी, कोलाजेन तथा प्रोटिन सप्लिमेन्टजस्ता उत्पादनहरू देखिन्छन् । यस्ता उत्पादन मुख्यत: पोषण पूर्ति, स्वास्थ्य सहयोग वा निश्चित अवस्थामा पोषणसम्बन्धी आवश्यकता पूरा गर्न प्रयोग गरिन्छन् । तर यिनै उत्पादन ट्याब्लेट, क्याप्सुल, सिरप वा पाउडरको रूपमा बजारमा उपलब्ध हुने भएकाले उपभोक्ताले औषधि र स्वास्थ्य पूरकबीचको फरक छुट्याउन कठिन हुन सक्छ । यही कारण न्युट्रास्युटिकल्सको उत्पादन, दर्ता, गुणस्तर, स्वास्थ्यसम्बन्धी दावी र बिक्री वितरणलाई कसरी नियमन गर्ने ? भन्ने प्रश्न महत्वपूर्ण बनेको छ । यही प्रश्नले नेपालमा अर्को बहस जन्माएको छ, न्युट्रास्युटिकल्सलाई औषधिको रूपमा हेर्ने कि खाद्य वा स्वास्थ्य पूरकका रूपमा ?

**के न्यूट्रास्युटिकल्स औषधि हुन् ?**

कानुनी र वैज्ञानिक दृष्टिले हेर्दा सबै न्यूट्रास्युटिकल्स औषधि होइनन् । औषधिले रोगको निदान, उपचार वा रोकथाम गर्ने उद्देश्य राख्छ भने न्यूट्रास्युटिकल्स मुख्यत: पोषण पूर्ति तथा स्वास्थ्य सहयोगका लागि प्रयोग गरिन्छन् । धेरै देशमा यस्ता उत्पादनलाई फुड सप्लिमेन्ट वा डाइटरी सप्लिमेन्टका रूपमा वर्गीकरण गरिएको पाइन्छ । तर व्यवहारमा समस्या त्यतिबेला देखिन्छ, जब स्वास्थ्य पूरकका रूपमा बजारमा आएका उत्पादनलाई रोगको उपचार, नियन्त्रण वा रोकथामसँग जोडेर प्रचार वा सिफारिस गर्न थालिन्छ । यस्तो अवस्थामा उक्त उत्पादनलाई औषधि र खाद्य पूरकबीच कहाँ राख्ने भन्ने प्रश्न उठ्छ । नेपालमा पनि धेरै न्यूट्रास्युटिकल्स ट्याब्लेट, क्याप्सुल र सिरपको स्वरूपमा उपलब्ध छन् । स्वरूप औषधिजस्तै देखिने भएकाले सामान्य उपभोक्ताका लागि औषधि र सप्लिमेन्टबीचको भिन्नता छुट्याउन कठिन हुन सक्छ । त्यसैले मुख्य प्रश्न उत्पादन ट्याब्लेट वा क्याप्सुलमा छ कि छैन भन्ने मात्र होइनह त्यसको उद्देश्य, संरचना, स्वास्थ्यसम्बन्धी दाबी, वैज्ञानिक प्रमाण र प्रयोगका आधारमा त्यसलाई कुन श्रेणीमा राख्ने ? भन्ने हो । यही वर्गीकरण र नियमनको प्रश्नले नेपालमा न्यूट्रास्युटिकल्स सम्बन्धी विवादलाई थप जटिल बनाएको छ ।

**न्यूट्रास्युटिकल्स : दर्ता र नियमन कसरी हुन्छ ?**

नेपालको औषधि नियमनको प्रमुख कानुनी आधार औषधि ऐन, २०३५ हो । तर आधुनिक न्यूट्रास्युटिकल्सका लागि स्पष्ट र छुट्टै वर्गीकरण तथा नियामकीय व्यवस्था आवश्यक देखिन्छ । उत्पादनको संरचना, उद्देश्य, स्वास्थ्यसम्बन्धी दावी र सम्भावित जोखिमका आधारमा यसको कानुनी हैसियत स्पष्ट गर्नुपर्ने आवश्यकता छ । खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले डाइटरी सप्लिमेन्ट गाइडलाइन, २०७२ अन्तर्गत आहारपूरक खाद्य पदार्थको दर्ता तथा नियमन गर्दै आएको छ । विभागबाट यस्ता उत्पादनको नयाँ दर्ता तथा नवीकरण सम्बन्धी व्यवस्था रहेको छ । अर्कोतर्फ, कुनै उत्पादनले रोगको उपचार, रोकथाम वा औषधीय प्रभावको दावी गर्छ वा औषधिसरह प्रयोग हुन्छ भने त्यसको नियमन औषधि व्यवस्था विभागअन्तर्गत पर्ने विषय बन्छ । त्यसैले पोषण पूर्ति वा स्वास्थ्य सहयोगका लागि बजारमा ल्याइएको खाद्य पूरक र औषधीय दाबी तथा प्रयोग भएको उत्पादनलाई एउटै आधारमा हेर्न मिल्दैन । यही कारण न्यूट्रास्युटिकल्सको वर्गीकरण, दर्ता, गुणस्तर, स्वास्थ्यसम्बन्धी दाबी र नियमन स्पष्ट हुन आवश्यक छ । यसका लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र औषधि व्यवस्था विभागबीच जिम्मेवारी स्पष्ट गर्दै वैज्ञानिक तथा कानुनी आधारमा एकरूप नियामकीय व्यवस्था र प्रभावकारी समन्वय आवश्यक देखिन्छ ।

**फार्मेसीमा न्यूट्रास्युटिकल्स किन राख्न हुँदैन ?**

औषधि व्यवस्था विभागले वि.सं. २०८१ पुस २५ गते औषधिपुरक सामग्रीको बिक्री वितरण सम्बन्धी सूचना तथा २०८१ चैत २१ गते औषधिजन्य सामग्रीको विज्ञापन तथा प्रयोगसम्बन्धी सूचना जारी गरेको थियो । जसमा सम्बन्धित सामग्रीको बिक्री वितरण तथा विज्ञापन प्रचलित कानुनी व्यवस्था र निर्धारित मापदण्डअनुसार गर्न सम्बन्धित पक्षलाई सचेत गराएको थियो । औषधि व्यवस्था विभागको मुख्य चासो गुणस्तर, सुरक्षा, प्रभावकारिता र नियामकीय मापदण्ड पूरा नभएका उत्पादन उपभोक्तासम्म पुग्न नदिनु हो । कुनै उत्पादन औषधिसरह प्रयोग वा औषधीय दावीका साथ बजारमा ल्याइन्छ भने त्यसको नियामकीय हैसियत, गुणस्तर र सुरक्षा मापदण्डका विषयमा प्रश्न उठ्नु स्वाभाविक हुन्छ । तर औषधि व्यवस्था विभागमा दर्ता नभएको मात्र आधारमा कुनै पनि न्यूट्रास्युटिकल्सलाई अवैध भन्न मिल्दैन । उत्पादनको प्रकृति, नियामकीय वर्गीकरण र सम्बन्धित निकायमा भएको दर्ता हेर्न आवश्यक हुन्छ । खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागअन्तर्गत खाद्य पूरकका रूपमा दर्ता भएका उत्पादन र कुनै पनि निकायमा दर्ता नभएका उत्पादनलाई एउटै दृष्टिले हेर्नु उचित हुँदैन । तर दर्ता नै नभएका वा आफ्नो स्वीकृत वर्गीकरणभन्दा बाहिर गएर औषधीय दावी तथा प्रयोग गरिएका उत्पादनको नियमन भने फरक विषय हो ।

**न्यूट्रास्युटिकल्स लेख्ने चिकित्सक, कारबाहीमा फार्मेसी ?**

यो प्रश्न सबैभन्दा विवादास्पद छ । नेपालमा फार्मेसी संघ लगायतका संस्थाहरूले केही चिकित्सकहरूले औषधि व्यवस्था विभागमा दर्ता नभएका न्यूट्रास्युटिकल्स समेत सिफारिस गर्ने गरेको आरोप लगाएका छन् । यद्यपि सबै चिकित्सकलाई एउटै रूपमा आरोप लगाउन मिल्दैन । धेरै चिकित्सकहरूले वास्तविक पोषण कमी भएका बिरामीलाई वैज्ञानिक आधारमा सप्लिमेन्ट सिफारिस गर्ने गर्छन् । फार्मेसी व्यवसायीहरूको प्रश्न फरक छ । उनीहरू भन्छन् यदि चिकित्सकले नै यस्ता उत्पादन लेखिरहेका छन् भने कारबाहीको निशाना केवल फार्मेसी किन ? नेपाल फार्मेसी संघले सार्वजनिक रूपमा प्रश्न उठाउँदै चिकित्सक, आयातकर्ता र विक्रेतामाथि समान रूपमा नियम लागू हुनुपर्ने माग गरेको थियो ।

**न्यूट्रास्युटिकल्स : साँच्चिकै आवश्यक कि अनावश्यक खर्च ?**

यसको उत्तर बिरामीको अवस्थामाथि निर्भर हुन्छ । यदि कुनै व्यक्तिमा भिटामिन डी कमी, फलाम कमी, गर्भावस्था, कुपोषण तथा चिकित्सकीय जाँचले कमी देखाएको अवस्थामा सप्लिमेन्ट उपयोगी हुन सक्छ । तर सामान्य स्वस्थ व्यक्तिलाई सबै न्यूट्रास्युटिकल्सले अतिरिक्त लाभ दिन्छन् भन्ने बलियो वैज्ञानिक प्रमाण धेरै उत्पादनमा छैन । केही उत्पादनको प्रभाव सीमित वा अनिश्चित पनि हुन सक्छ । धेरै अवस्थामा परीक्षण नगरी 'कमजोरी छ' भन्ने आधारमा महँगा सप्लिमेन्ट सिफारिस गरिने प्रवृत्तिमाथि प्रश्न उठ्ने गरेको छ । औषधि व्यवस्था विभागले समेत केही उत्पादन आवश्यकता मूल्यांकन नगरी सिफारिस हुने गरेको चिन्ता व्यक्त गरेको थियो ।

**अबको आवश्यकता के ?**

नेपालमा न्यूट्रास्युटिकल्ससम्बन्धी बहसलाई औषधि कि खाद्य पूरक भन्ने दुई ध्रुवमा मात्र सीमित गर्नु पर्याप्त छैन । उत्पादनको वर्गीकरण, वैज्ञानिक प्रमाण, गुणस्तर, सुरक्षा, स्वास्थ्यसम्बन्धी दाबी, लेबलिङ, विज्ञापन र मूल्य पारदर्शितालाई समेट्ने स्पष्ट नियामकीय ढाँचा आवश्यक छ । उपभोक्ताले कुन औषधि हो कुन खाद्य पूरक हो भन्ने चिन्ने अवस्था हुनुपर्छ । यसको संरचना के हो, वैज्ञानिक प्रमाण कस्तो छ, कसरी प्रयोग गर्ने तथा यसको मूल्य र सम्भावित जोखिम के छन् भन्ने जानकारी सहज रूपमा पाउने अधिकार उपभोक्तालाई छ । अन्तत: नियमनको केन्द्रमा उद्योग वा व्यवसाय होइन, बिरामी र उपभोक्ताको सुरक्षा हुनुपर्छ । *-अनलाइन खबर डटकम*

# समुदायस्तरमा रुघाखोकीको प्रकोप : कतै यो कोभिड त होइन ?



कोभिड-१९ महामारी अन्त्य भएको पनि केही वर्ष भइसकेको छ । तर, त्यो त्रासदीपूर्ण समयलाई जो कोहीले सजिलै बिर्सन सक्दैनन् । अझ जसले आफ्ना आफन्त गुमाएका छन्, उनीहरूका लागि त त्यो बिर्सन सक्ने कुरा पनि भएन । हाल कोभिड देखिने क्रम जारी रहे तापनि पहिले जस्तो घातक भने देखिएको छैन । पछिल्लो समय अमेरिका, चीन, भारतलगायत देशमा कोभिड देखिएका जानकारी आउने क्रम जारी छ । भारतमा कोभिड फैलँदा ढिलोचाँडो नेपालमा पनि आइपुग्ने गरेको विगतको हाम्रो अनुभव छ । तसर्थ, हाल नेपालमा रुघाखोकी फैलने क्रम तीव्र हुँदै गर्दा कोभिडको सम्भावनालाई नकार्न सकिँदैन । यसले जोखिम पनि बढाउँदै लगेको छ । भारतका विभिन्न ठाउँमा केही हप्ता अगाडिदेखि कोभिड देखिने क्रम बढेको थियो भने केहीको मृत्युसमेत भएको त्यहाँका सञ्चारमाध्यमले जनाएका छन् । खासगरी उच्च ज्वरो आउने, खोकी लाग्ने, घाँटी र जीउ दुख्ने जस्ता लक्षण हाल संक्रमितमा देखिएको भारतका चिकित्सकहरू बताउँछन् । तर, कोभिडले अस्वाभाविक प्रकोपको रूप भने लिएको देखिँदैन। अर्थात्, यो भाइरस मौसमी फ्लुजस्तै 'एन्डेमिक' को रूपमा देखा परेको हो भन्नेमा विज्ञहरू सहमत देखिन्छन् । कोभिड एक भाइरस भएकाले समयक्रममा यसको म्युटेसन ( स्वरूप परिवर्तन) हुनु स्वाभाविक हो, जसका कारण यो देखिने क्रमले निरन्तरता पाइरहेको छ । यसर्थ, भारतमा यसलाई महामारी फर्केको रूपमा भन्दा पनि अन्य संक्रामक रोगजस्तै स्वाभाविक रूपमा देखिने र हराउने रोगका रूपमा लिइएको छ । यद्यपि, ज्येष्ठ नागरिक, दीर्घरोगी र रोग प्रतिरोधात्मक क्षमता कमजोर भएकाहरूलाई भने यसले अझै पनि जटिल अवस्थामा पुऱ्याउन सक्ने जोखिम कायमै छ । चीनमा पनि केही हप्ता अगाडिदेखि कोभिड केस बढेको जानकारी बाहिरिएको छ । चीनको 'ग्लोबल टाइम्स' मा प्रकाशित (१४ अगस्ट, २०२६) समाचारअनुसार, जुलाई महिनामा मात्र ५ लाख २२ हजार नयाँ कोभिड संक्रमित देखा परेका थिए । तीमध्ये ४८७ जनामा जटिल प्रकृतिको संक्रमण देखिएको र एक जनाको मृत्युसमेत भएको थियो । यी सबैमा ओमिक्रोन भेरियन्टको उपप्रजाति पुष्टि भएको जनाइएको छ । चाइना सेन्टर फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सनका अनुसार, हाल फैलिरहेको कोभिड अधिकांशमा कडा प्रकृतिको नदेखिएकाले आत्तिनुपर्ने अवस्था छैन । यद्यपि, सार्वजनिक स्थलमा जाँदा मास्क लगाउन र व्यक्तिगत सरसफाइमा ध्यान दिन सुझाव दिइएको छ । भारत र चीन नेपालसँग सिमाना जोडिएका छिमेकी राष्ट्र हुन् । भारतसँग नेपालको लामो र खुला सिमाना भएकाले दैनिक सयौँ मानिसको ओहोरदोहोर हुने गर्छ । यसरी संक्रमित मानिसको माध्यमबाट विशेषत: श्वासप्रश्वाससम्बन्धी सरुवा रोग एकअर्काको देशमा सजिलै पुग्ने गर्छन् । कोभिड महामारीका बेला पनि भारतमा नयाँ भेरियन्टको उछाल आउँदा केही हप्ताको अन्तरालमै त्यसको प्रभाव नेपालमा पर्ने गरेको विगतको अनुभव छ । तसर्थ, केही हप्ता अगाडिदेखि त्यहाँ देखिन सुरु भएको कोभिड नेपालसम्म नआउला भन्न सकिँदैन । चीनबाट स्थल मार्ग हुँदै उल्लेखनीय संख्यामा मानिसको आवतजावत नभए तापनि 'टुरिजम इन्फो नेपाल' का अनुसार पर्यटकका रूपमा नेपाल आउनेमा चीन दोस्रो ठूलो देश हो। यसको अर्थ, चीनबाट पनि नेपालमा कोभिड भित्रिन सक्ने सम्भावनालाई नकार्न सकिँदैन । महामारीको समयमा नेपालमा पनि मास्क लगाउन र व्यक्तिगत सरसफाइमा ध्यान दिन सुझाइएको थियो । ज्वरो आउने, खोकी लाग्ने, घाँटी दुख्ने वा खसखस गर्ने तथा स्वाद वा गन्ध थाहा नपाउने अवस्थामा नजिकैको अस्पतालमा गई परीक्षण गर्न अनुरोध गरिन्थ्यो । विशेषगरी शरीरमा अक्सिजनको मात्रा कम हुँदै गएमा वा श्वासप्रश्वासमा समस्या देखिए तुरुन्त चिकित्सकलाई भेट्न आग्रह गरिन्थ्यो । अहिले पनि यी स्वास्थ्य समस्या देखिएमा कोभिडको सम्भावना हुन सक्छ । पछिल्लो समय समुदायस्तरमै कोभिडजस्ता लक्षण देखिने क्रमले तीव्रता पाएको छ । यस्ता लक्षण बालबालिकादेखि सबै उमेर समूहका मानिसमा देखा परेका छन् । हाल दुई छिमेकी देश (भारत र चीन) मा केही हप्तादेखि कोभिड देखिँदै गर्दा नेपालमा पनि यसको जोखिम बढेको छ । यदि नेपालमा कोभिड पुष्टि भइहालेमा आश्चर्य मान्नुपर्ने अवस्था छैन । तर, ती दुई देशमा कोभिडको अवस्था हेर्दा विगतको जस्तो घातक नदेखिएको र सम्भवत: मौसमी संक्रमणको रूपमा विकसित भएको पाइन्छ । यद्यपि, ज्येष्ठ नागरिक, दीर्घरोगी र रोग प्रतिरोधात्मक क्षमता कमजोर भएकाहरूका लागि भने कोभिडले जटिल अवस्था सिर्जना गर्न सक्छ । *-रातोपाटी डटकम*

# खाली पेटमा मेथीको पानी किन पिउने ?



तपाईंले प्राय: परिवारका सदस्य र चिकित्सकहरूबाट 'बिहानको सुरुआत सधैँ स्वस्थकर तरिकाले गर्नुपर्छ' भनेर बारम्बार सुन्नुभएकै होला । तपाईं स्वस्थ रहनुहोस् र दिनभर ऊर्जावान् महसुस गर्नुहोस् भनेर यस्तो सुझाव दिइने गरिन्छ । धेरै मानिस बिहान खाली पेटमा मनतातो पानी पिउन रुचाउँछन् भने केही चिया र कफी सेवन गर्न मन पराउँछन् । तर, अहिलेको व्यस्त जीवनशैलीमा मानिसहरू आफ्नो स्वास्थ्यको ख्याल राख्न बिर्सिरहेका हुन्छन्, जसले गर्दा पेटको समस्या देखापर्नुका साथै तौल बढ्ने गर्छ । तपाईं पनि यस्तै स्वास्थ्य समस्याबाट पीडित हुनुहुन्छ भने हाम्रो भान्सामा पाइने एउटा सानो चिजले पनि यसलाई कम गर्न धेरै मद्दत गर्न सक्छ । आयुर्वेदमा मेथीलाई वरदान नै मानिन्छ । आयुर्वेदका अनुसार हरेक बिहान खाली पेटमा मेथीको पानी पिउनाले शरीरका लागि चमत्कारी औषधिको रूपमा काम गर्न सक्छ । यस लेखमा हामी मेथीको पानी सेवन गर्दा हुने फाइदा र यसलाई बनाउने सही तरिकाबारे जानकारी दिनेछौं । अस्वस्थ खानपानका कारण आजकल ग्यास, कब्जियत र एसिडिटीको समस्या सामान्य बनिसकेको छ । मेथीको पानीमा प्रशस्त मात्रामा फाइबर र पाचन सुधार गर्ने गुण हुन्छ । बिहान खाली पेटमा यसको सेवन गर्दा पेट सफा हुन्छ । यसले खाना छिटो पचाउन मद्दत गर्नुका साथै ग्यास र अपचजस्ता समस्याबाट राहत दिन्छ । मेथीको पानीले हाम्रो शरीरको मेटाबोलिजमलाई तीव्र पार्छ । यसको सेवनले शरीरको अतिरिक्त बोसो पगाल्न (कम गर्न) मद्दत गर्छ । यो पानी पिउनाले लामो समयसम्म पेट भरिएको महसुस गराउँछ, जसले गर्दा बारम्बार भोक लाग्ने वा खाइरहने बानी हट्छ र तौल नियन्त्रणमा रहन्छ । मेथीको पानी मधुमेह (सुगर) का बिरामीका लागि वरदान सावित हुन सक्छ । आयुर्वेदका अनुसार मेथीको दानाले शरीरमा इन्सुलिनको कार्यलाई सुधार गरी रगतमा चिनीको मात्रा ( सुगर लेभल) नियन्त्रण गर्न मद्दत गर्छ । यदि कसैको परिवारमा मधुमेहको इतिहास छ वा कोही यस समस्याबाट पीडित छ भने, उनीहरूले हरेक बिहान खाली पेटमा मेथीको पानी अवश्य पिउनुपर्छ । सबैजना आफ्नो कपाल स्वस्थ र छाला चम्किलो होस् भन्ने चाहन्छन् । मेथीको पानीमा एन्टिअक्सिडेन्ट र विभिन्न भिटामिन पाइन्छन्, जसले शरीरभित्रको रगत शुद्ध पार्छ । रगत शुद्ध भएपछि अनुहारमा डन्डीफोर (पिम्पल), दाग र चाउरीपना कम हुन थाल्छ । यसबाहेक, यसले कपालको जरालाई बलियो बनाउँछ र कपाल झर्ने समस्याबाट राहत प्रदान गर्छ । उमेर बढ्दै जाँदा वा शरीर कमजोर हुँदा प्राय: जोर्नी दुख्ने र थकान महसुस हुने गर्छ । मेथीको तासीर ( स्वभाव) केही न्यानो (उष्ण) हुनुका साथै यसमा एन्टी-इन्फ्लेमेटरी गुण हुन्छ, जसले सुन्निएको र जोर्नीको दुखाइ कम गर्न मद्दत गर्छ ।

*-सेतोपाटी डटकम*

# अवैध लागूऔषध सहित १५ जना पक्राउ



**पाल्पा,** भदौ ४/ देशका विभिन्न स्थानबाट अवैध लागूऔषध सहित १५ जना पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार दाङ, कपिलवस्तु, काठमाडौं, मोरङ, झापा, सुनसरी, भक्तपुरका विभिन्न स्थानबाट अवैध लागूऔषध सहित १५ जना पक्राउ परेका हुन् ।

दाङको तुलसीपुर उपमहानगरपालिका-९ सल्लेवनबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ३ सय ३० मिलिग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने २९ वर्षीय प्रेम बहादुर डाँगी र सोही उपमहानगरपालिका-८ बस्ने २९ वर्षीय बिर बहादुर चौधरी रहेका छन् । इलाका प्रहरी कार्यालय तुलसीपुरबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । दाङकै लमही नगरपालिका-५ सुनखोली गाउँबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ५ सय ५० मिलिग्राम सहित गढवा गाउँपालिका-६ गढवा बस्ने भारत घर भएका २३ वर्षीय नसिव अहमदलाई प्रहरीले पक्राउ गरेको छ । वडा प्रहरी कार्यालय लमहीबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस्तै कपिलवस्तुको कृष्णनगर नगरपालिका-८ बाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ५ सय मिलिग्राम र नगद ६ हजार रूपैयाँ सहित शिवराज नगरपालिका-९ बानियाभार बस्ने २२ वर्षीय अर्जुन सुनार समेत ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय बहादुरगंज समेतबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो ।काठमाडौंको तारकेश्वर नगरपालिका-७ मनमैजुबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ५ सय ७० मिलिग्राम सहित सोही ठाउँ बस्ने झापा घर भएका ३६ वर्षीय उमेश मुखियालाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी वृत्त बालाजुबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस्तै मोरङ, पथरी शनिश्चरे नगरपालिका-१० संगम टोलबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ५ ग्राम ८ सय ६० मिलिग्राम सहित सोही ठाउँ बस्ने २३ वर्षीय घनश्याम बस्नेतलाई प्रहरीले पक्राउ गरेको छ । यस्तै झापाको हल्दीबारी गाउँपालिका-२ कदम चोकबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १ ग्राम ५५ मिलिग्राम सहित भद्रपुर नगरपालिका-७ बस्ने २३ वर्षीय सुबास राजवंशीलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी हल्दीबारीबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । सुनसरीको इटहरी उपमहानगरपालिका-८ बाट अवैध लागूऔषधसहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ । यस्तै भक्तपुरको सूर्यबिनायक नगरपालिका-६ पाण्डुबजार हाइटबाट धादिङ धुनीबेशी नगरपालिका-२ घर भएका २९ वर्षीय सुरज लुइटेललाई प्रहरीले पक्राउ गरेको छ । यस्तै सुनसरकै धरान उपमहानगरपालिका-१६ स्वामीचोक बस्ने २१ वर्षीय विदुर कार्कीलाई नियन्त्रित लागूऔषधसहित प्रहरीले पक्राउ गरेको छ ।

## खेलकुद समाचार

### टेस्टबाट बाहिरिए श्रीलङ्काका दुई ब्याटर

**काठमाडौं,** भदौ ४/श्रीलङ्काका दुई जना ब्याटर कुशल मेन्डिस र दिनेश चन्डिमाल भारतसँगको दोस्रो तथा अन्तिम टेस्टबाट बाहिरिएका छन् । आउँदो आइतवारदेखि कोलम्बोमा शुरू हुने खेलका लागि दुई जना ब्याटर बाहिरिएका हुन् । यस्तै यस खेलका लागि अर्का ब्याटर पाथुम निसान्का 'फिट' हुने सम्भावना पनि निकै कम छ । यसको अर्थ श्रीलङ्काले कोलम्बोमा आफ्ना तीन जना प्रमुख ब्याटरविना नै खेल्नेछ । लङ्का प्रिमियर लिगको शुरुआती चरणमा 'ह्यामस्ट्रिङ' को चोटपछि मेन्डिसले कुनै पनि प्रतिस्पर्धात्मक क्रिकेट खेलेका छैनन् । श्रीलङ्काको टेस्ट टोलीमा उनको ठाउँ निरोशन डिकवेलाले लिएका थिए, उनले पहिलो टेस्टको पहिलो पारीमा ८० रन बनाएका थिए । अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) को नियमअनुसार 'कन्कसन सब्स्टिच्युट' अर्थात् टाउकोमा चोट लागेका खेलाडीको सट्टामा आउने खेलाडीद्वारा प्रतिस्थापन गरिएका खेलाडी ७ दिनसम्म खेल्न नपाउने भएकाले चन्डिमाल दोस्रो टेस्टबाट बाहिरिएका छन् ।

## भारतीय सागसब्जीमा ...

...भारतबाट बिक्रीका लागि ल्याइने सागसब्जी भन्सार गर्नुपर्ने प्रावधानका कारण स्वदेशी कृषि उपजले बजार पाएको हो।भारतबाट भन्सार तिरेर कृषि उपज ल्याउँदा महँगो पर्ने भएकाले व्यवसायीले आयात घटाएका छन्। यतिबेला नेपालगञ्जको बजार बाँकेका किसानले व्यावसायिक रूपमा उत्पादन गरेका फूलगोभी, बन्दागोभी, लौका, फर्सी, काँक्रा, बोडी, गोलभेडा, खुर्सानीलगायत कृषि उपजले धानेको छ। आयात घटेपछि आफूहरूले उत्पादन गरेको सागसब्जीले राम्रो मूल्य पाएको नेपालगञ्ज उपमहानगरपालिका-२१ पुरैना गाउँका किसान जलालुद्दीन बागवानले बताए । विगतमा मण्डीमा लैजाँदासमेत सस्तो मूल्यमा बिक्री गर्नुपर्ने अवस्था रहे पनि अहिले बारीबाटै राम्रो मूल्यमा बिक्री भइरहेको उनले बताए ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक फोक्सिंकोट गा.वि.स.-४रानीबास,हाल रम्भा गाउँपालिका-२ निवासी भारतिय भू.पू.सैनिक नं. 5340599 P का H/Nb-Sub राम बहादुर थापा (ना.प्र.मा राम बहादुर सारु मगर) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा छवि र जन्म मिति सन् १९५३ डिसेम्वर १०(वि.स.२०१०/०८/२५) र नेपाली नागरिकता प्रमाणपत्रमा छवि मगर, जन्म मिति वि.स. २०१२/०९/२५ (सन् १९५६ जनवरी ९) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक बौघागुम्हा गा.वि.स.-३, हाल तानसेन नगरपालिका-१३ निवासी भारतिय भू.पू.सैनिक नं.14294552 K का H/Nb-Sub एच.बि.थापा (ना.प्र.मा हर्ष बहादुर थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा विष्णु देवी र जन्म मिति सन् १९५५ जुलाई १ (वि.स.२०१२/०३/१७) र नेपाली नागरिकता प्रमाणपत्रमा विष्णु कुमारी थापा), जन्म मिति वि.स. २०१२/०३/१५ (सन् १९५५ जुन २९) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक चापपानी गा.वि.स.-४, हाल बगनासकाली गाउँपालिका-९ निवासी भारतिय भू.पू.सैनिक नं. 5038678 M का हवलदार झपिन्द्र सारु (ना.प्र.मा झपिन्द्र सारु) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा सुमित्रा कुमारी र जन्म मिति सन् १९५७ फेब्रअरी १० (वि.स.२०१३/१०/२८) र नेपाली नागरिकता प्रमाणपत्रमा सावित्री कुमारी सारु, जन्म मिति वि.स. २०१४/०७/१० (सन् १९५७ अक्टुवर २६) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक कसेनी गा.वि.स.-२, हाल माथागढी गाउँपालिका-२ निवासी भारतिय भू.पू.सैनिक नं. 5038692 Y का हवलदार मान बहादुर सार्की (ना.प्र.मा मान बहादुर सार्की) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा लछुमा देवी र जन्म मिति सन् १९५८ जनवरी १० (वि.स.२०१४/०९/२७) र नेपाली नागरिकता प्रमाणपत्रमा लछुमा सार्की,जन्म मिति वि.स. २०१४/०७/०८ (सन् १९५७ अक्टुवर २४) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक चिदीपानी गा.वि.स.-३, हाल माथागढी गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. 5742977 का H/NK गुन बहादुर थापा (ना.प्र.मा गुन बहादुर सारु) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा पिल कुमारी र जन्म मिति सन् १९५४ अक्टुवर १४ (वि.स.२०११/०६/२८) र नेपाली नागरिकता प्रमाणपत्रमा तिल कुमारी सारु,जन्म मिति वि.स. २०११/०७/०५ (सन् १९५४ अक्टुवर २१) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## श्री आनन्द बचत तथा ऋण सहकारी संस्था लि.को साधारण सभा सम्बन्धी सूचना

श्री आनन्द बचत तथा ऋण सहकारी संस्था लि.को यहि मिति २०८३ भदौ ६ गते शनिबारका दिन १६ औं वार्षिक साधारण सभा हुन गईरहेको हुँदा सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई निमन्त्रणा कार्ड पठाई सकिएको छ । कदमकदाचित निमन्त्रणा कार्ड प्राप्त नभएको भए यस सूचनालाई आधार मानी निम्न मिति, समय र स्थानमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**मिति :-** २०८३ भदौ ६ गते शनिबार ।
**समय :-** बिहान ११:३० बजे (कृपया ठिक समयमा पाल्नुहोला)
**स्थान :-** माधव प्रसाद देवकोटा सभाकक्ष, त्रिभुवन बहुमुखी क्याम्पस लहरेपिपल, तानसेन, पाल्पा ।

अनुरोध
सरोज लाल शाक्य
अध्यक्ष
**श्री आनन्द बचत तथा ऋण सहकारी सस्था लि.**
**तानसेन-६, पाल्पा**
**सम्पर्क नम्बर : ०७५-५२१५५३, ९७६१५८५७९५**

## सूचना ! सूचना !! सूचना !!!

यस मणिमुकुन्द बचत तथा ऋण सहकारी सस्थाको २५औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा हुने भएकोले सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौ ।

**मिति :२०८३/०६/१०**
**स्थान : तानसेन नगरपालिकाको सभाहल**
**समय : दिनको १२:३० बजे**

अनुरोधक
मधु दयाल सैंजु
अध्यक्ष
**मणिमुकुन्द बचत तथा ऋण सहकारी सस्था लि.**
**तानसेन-३, पाल्पा**
**सम्पर्क नम्बर : ०७५-५२२५४५**

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक फोक्सिंकोट गा.वि.स.-१,हाल रम्भा गाउँपालिका-२ निवासी भारतिय भू.पू.सैनिक नं.5344514 L का TS/NK मिन बहादुर थापा (ना.प्र.मा मिन बहादुर थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा चमैली सरा थापा र जन्म मिति सन् १९७३ अगष्ट १० (वि.स.२०३०/०४/२६) र नेपाली नागरिकता प्रमाणपत्रमा चमेली सरा थापा, जन्म मिति वि.स. २०३१/०४/२५ (सन् १९७४ अगष्ट ९) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक बहादुरपुर गा.वि.स.-७,(तानसेन-११),हाल तानसेन नगरपालिका-७ निवासी भारतिय भू.पू.सैनिक नं. JC 94373 K का सुवेदार चित्र विर थापा (ना.प्र.मा चित्र वीर थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा यानी मगर्नी र जन्म मिति सन् १९४६ अक्टुवर ०३ (वि.स.२००३/०६/१७) र नेपाली नागरिकता प्रमाणपत्रमा यानिसरा झेडी भन्ने यानी मगरनी, जन्म मिति वि.स. २००६/०८/०५ (सन् १९४९ नोभेम्वर २०) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक हुँगी गा.वि.स.-४, हाल रम्भा गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. 5239708 P का H/NK-SUb तुल बहादुर राना (ना.प्र.मा तुल बहादुर राना) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा देवी सरा रानानी र जन्म मिति सन् १९६० मार्च १८ (वि.स.२०१६/१२/०५) र नेपाली नागरिकता प्रमाणपत्रमा देवी सरा राना, जन्म मिति वि.स. २००५/०१/१० (सन् १९४८ अप्रिल २२) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्राई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्राई